# अफ्रिकन स्वाइन फिभर रोगबारे जानकारी

अफ्रिकन स्वाइन फिभर बंगुर, सुँगुर र बँदेलहरूमा भाइरसबाट लाग्ने महामारी रोग हो । यो रोग हालसम्म नेपालमा देखा परेको छैन । भारतको आसाम प्रदेश र चीनमा समेत यो रोग देखिइसकेको हुँदा नेपाल उच्च जोखिममा रहेको छ ।

## मुख्य लक्षणहरु :



एकै ठाउँमा थुप्रिएर बस्ने



शरीरमा नीलडामहरू देखिने




कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरु देखिने



नाकबाट फिंज निकाल्ने

त्यस्तै,

- झोक्राउने र दानापानी खान छोड्ने,
- उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइटभन्दा माथि),
- सास फेर्न गाह्रो हुने,
- दिसामा रगत देखिने र
- एकैपटकमा धेरै संख्यामा (१०० प्रतिशतसम्म) बंगुर, सुँगुर र बँदेलहरु मर्न सक्छन् ।

तर माथिका जस्तै लक्षणहरु बंगुरको हैजा लगायतका अन्य रोगहरूमा पनि देखिने हुँदा प्रयोगशाला परीक्षण नगरी रोग यकिन गर्न सकिदैंन ।

त्यसकारण बंगुर, सुँगुर र बँदेल मरेमा वा मरेको थाहा भएमा नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाईन चेकपोष्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा यथाशीघ्र खबर गर्नुहोस् ।

## रोग सर्ने मुख्य तरिकाहरु :

- संक्रमित बंगुर, सुँगुर र बँदेल बीच प्रत्यक्ष सम्पर्कबाट
- रोगी पशुको र्‍याल, रगत, मलमुत्र, मासु वा यिनीहरूको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत
- रोगी बंगुर, सुँगुर र बँदेलको ओसारपसार र किनबेच मार्फत
- संक्रमित खोरमा गएको मानिसहरूको कपडा, जुत्ता, चप्पल आदि मार्फत

## रोकथाम :

हालसम्म यो रोग विरुद्ध औषधि तथा खोप समेत बनेको छैन । त्यसकारण जैविक सुरक्षाका उपायहरु अपनाई रोकथाम गर्नु एक मात्र उत्तम विकल्प हो । यस रोगको रोकथामका लागि निम्न उपायहरू अपनाऔं:

- बंगुर, सुँगुर र बँदेलको खोरमा मानिसहरूको अनावश्यक आवतजावत नगरौं ।
- होटल, रेष्टुरेन्टबाट फालिएका खानेकुरा बंगुर, सुँगुर र बँदेललाई राम्रोसँग पकाएर मात्र खुवाऔं ।
- बंगुर, सुँगुर र बँदेल थुनेर मात्र पालौं ।
- घरपालुवा बंगुर र सुँगुरलाई जंगली बँदेलसँग सम्पर्क हुन नदिऔं ।
- रोगी बंगुर, सुँगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा भाइरस लामो समयसम्म बाँच्ने भएकोले मरेका बंगुर, सुँगुर र बँदेललाई गहिरो खाडल खनी गाडौं ।
- अन्य बथानबाट ल्याइएका बंगुर, सुँगुर र बँदेललाई २१ दिन पछि मात्र आफ्नो बथानमा मिसाऔं ।

*थप जानकारीको लागि*

**पशु सेवा विभाग, हरिहरभवन**

फोन नं.: ०१-५५२१६१०, ०१-५५२५४७८, ०१-५५२२०५६

Food and Agriculture Organization of the United Nations